"विकास, सम्बृद्धि र संरक्षण हाम्रो प्रतिबद्धता हाम्रो अभियान "

# गुलरिया नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गुलरिया, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

पत्रसंख्या: २०७९।०८०
च.न.:-

मिति:२०७९/०५/२८

## सुचना ! सुचना !! सुचना !!!

गुलरिया नगरपालिकाको चालु आ.व. २०७९/८० को स्थानिय (निशर्त) तर्फको स्वीकृत तपशिल अनुसारको कार्यक्रमहरु संचाल गर्नुपर्ने भएकाले इच्छुक यस नगरमा रहेका व्यक्तिगत कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्महरुले तपशिल अनुसारको आवश्य कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५औं दिनसम्म अर्थात ( २०७९/०६/११ गतेसम्म ) यस गुलरि नगरपालिकाको कार्यालयमा दर्ता गरि कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै र विषयमा थप जानकारी आवश्यक भएमा यसै कार्यालयको कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपशिल :

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रमको संभाग | आवश्यक कागजात | बजेटको श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | च्याउ खेती प्रवर्द्दनका लागी कन्ये च्याउको बीउ ५०% अनुदानमा वितरण | कन्ये च्याउ | ➢ स्पष्ट रुपमा परिमाण खुलाइएको माग निवेदन<br>➢ नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी<br>➢ संस्थागत भएमा वडा कार्यालय /नगरको सिफारिस पत्र सहित सम्पुर्ण दर्ता तथा नविकरण प्रमाणपत्रहरु, समितिको माग निर्णय | निशर्त | व्यक्तिगत कृषकको हकमा बढीमा १० प्याकेट, कृषि फर्मको हकमा बढीमा २० प्याकेट र समुह तथा सहकारीको हकमा बढीमा ५० प्याकेट दिन सकिनेछ । |
| २ | क्षेत्र विस्तार तथा उत्पादकत्व वृद्धिका लागी गँहुको उन्नत बीउ ७५% अनुदानमा वितरण कार्यक्रम | उन्नत जात | ➢ स्पष्ट रुपमा जात र परिमाण खुलाइएको माग निवेदन<br>➢ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी<br>➢ जग्गाधनी पुर्जा वा भोगचलन गर्दै आएको प्रमाण<br>➢ संस्थागत भएमा माथी उल्लेखित सहितको सम्पुर्ण दर्ता प्रमाणपत्रहरुका साथै समितिको माग निर्णय | निशर्त | |

महादेव शाह
अधिकृत
प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | बसन्ते तथा हिँउदे मकैको क्षेत्र विस्तार तथा गुणस्तरिय दाना उत्पादन प्रवर्द्धन सहयोग कार्यक्रम ७५% अनुदान | नेपालमा सूचीकृत वर्णशंकर तथा उन्नत जातहरु | ➢ स्पष्ट रुपमा जात र परिमाण खुलाइएको माग निवेदन<br>➢ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी<br>➢ जग्गाधनी पुर्जा वा भोगचलन गर्दै आएको प्रमाण<br>➢ संस्थागत भएमा माथी उल्लेखित सहितको सम्पुर्ण दर्ता प्रमाणपत्रहरुका साथै समितिको माग निर्णय | निशर्त | |
| ४ | माग तथा आवश्यकताको आधारमा विपन्न तथा सेवाबाट वंचित कृषकका लागी नगर प्रमुख बगर खेति प्रवर्द्धन सहयोग कार्यक्रम | उत्पादन लागत सामाग्री मा ५०% वा अधिकतम रु ५००० मा नबढ्ने गरी | ➢ स्पष्ट रुपमा बगर खेती गरिने क्षेत्रफल बाली खुलाइएको माग निवेदन<br>➢ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी<br>➢ जग्गाधनी पुर्जा वा भोगचलन गर्दै आएको प्रमाण वा वडा कार्यालयको सिफारिस<br>➢ संस्थागत भएमा माथी उल्लेखित सहितको सम्पुर्ण दर्ता प्रमाणपत्रहरुका साथै समितिको माग निर्णय | निशर्त | |

महादेव शाह
अधिकृत छैठौं
कृषि शाखा प्रमुख

पुनश्च :

१) आवेदनमा अनिवार्य रुपमा सम्पर्क नं. उल्लेख गर्नुपर्नेछ।

२) आवेदकले एक भन्दा बढी कार्यक्रमका लागि आवेदन पेश गर्नेभएमा माथि उल्लेखित प्रत्येक कार्यक्रमका लागि छुट्टाछुट्टै निवेदन पेश गर्नुपर्नेछ। एउटै आवेदनमा एकभन्दा बढी कार्यक्रमको माग भई आएमा त्यस्तो आवेदन माथि कुनै कार्यवाही हुनेछैन।

३) क्र.स.१ (च्याउ खेति प्रवर्धन कार्यक्रम) का लागि आवेदकलाई शाखाबाट बढीमा उपलब्ध गराउन सक्ने परिमाण उल्लेख गरिएक भएता पनि आवेदकको संख्याको आधारमा उक्त परिमाणलाई थप वा घट गर्न पनि सकिनेछ।

४) म्याद नाघी आएका आवेदन उपर कार्यालय/शाखाले कार्यक्रममा समावेश गर्न बाध्य हुनेछैन।

"विकास, सम्बृद्धि र संरक्षण हाम्रो प्रतिबद्धता हाम्रो अभियान "

## गुलरिया नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गुलरिया, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

पत्रसंख्या: २०७९।०८० (कृषि विकास शाखा) सुचना प्रकाशित मिति:२०७९/०५/२८

## आकस्मिक बाली सेवा संरक्षण सहयोग कार्यक्रम

सुचना ! सुचना !! सुचना !!!

चालु आ.व. २०७९/८० मा यस नगरपालिकाको स्वीकृत आकस्मीक बाली सेवा संरक्षण सहयोग कार्यक्रम अन्तर्गत १२ वटै वडाका खेतीपाती गरिरहेका कृषकहरुका लागी बालीनालीमा समस्या पहिचान तथा निदान सेवा प्रवाह गर्दा आवश्यकताका आधारमा नमुना स्वरुप आशिक निशुल्क विषादी वितरण भैरहेकोले समयमै समस्या पहिचान तथा निदान सेवा लिनुहुन यो सुचना प्रकाशित गरिएको छ ।

महादेव शाह
अधिकृत छैठौं
कृषि शाखा प्रमुख

पुनश्च : सेवा लिन आउँदा अनिवार्य रुपमा समस्या ग्रस्त बालीनालीको स्पष्ट पहिचान हुने गरी बालीका विभिन्न पात, डाँठ, हाँगा, जरा सहितको नमुना र विषादी माग निवेदन तथा नागरिकता प्रमाण प्रतिलिपि साथमा लिइ आउनुपर्नेछ ।

०८४-४२०४१२ ४२०४९० ४२००४८ ४२०१२३, फ्याक्स: ०८४-४२०२००

"विकास, सम्बृद्धि र संरक्षण हाम्रो प्रतिबद्धता हाम्रो अभियान "

गुलरिया नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गुलरिया, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

पत्रसंख्या: २०७९।०८०
च.न.:- ८०४

मितिः२०७९/०५/२८

श्री वडा अध्यक्ष ज्यू,
...........नं.वडा कार्यालय
गुलरिया, बर्दिया

विषय - जानकारी तथा सुचना टाँस गरिदिने सम्बन्धमा।

प्रस्तुत विषयका सम्बन्धमा यस कार्यालयका कृषि विकास शाखाको चालु आ.व.२०७९/०८० को स्वीकृत विभिन्न कार्यक्रम सञ्चालानार्थ मिति २०७९/०५/२८ गते आवेदन माग सम्बन्धी प्रकाशित सुचना संख्या ५(पाँच) प्रकाशित भएको व्यहोरा अनुरोध छ। साथै उक्त प्रकाशित सुचना यसै पत्रसाथ संलग्न राखी तहाँको सुचना पाटीमा टाँस्नका लागी पठाइएको व्यहोरा समेत अनुरोध छ।

२०७९/०५/२८

महादेव शाह
अधिकृत छैटौं
कृषि शाखा प्रमुख